"वातावरण सफा राखौं, स्वस्थ भई बाँचौं,
सफा रहौं, स्वस्थ बनौं"

सहजताका साथ दिसापिसाव गर्न सक्नेगरी अनिवार्य शौचालयको व्यवस्थापन गर्नुछ । साथै त्यहाँबाट निस्कने फोहोर मैलाको लागि उचित व्यवस्थापन गरिएको हुनुपर्नेछ ।

५. यस नगरपालिकामा रहेका पानीका मुहान वरपर दिसापिसाब एवं फोहोर गर्न/फाल्न पाइने छैन ।

६. यस नगरपालिका भित्रका घरधुरी, कलकारखाना एवं उद्योग धन्दामा निर्माण गरिएका शौचालयको सेफ्टी ट्याङ्की खुल्ला रूपमा राख्न पाइने छैन । अनिवार्य रूपमा स्लावको व्यवस्था गर्नुपर्नेछ ।

७. एक-घर एक-शौचालय निर्माण पश्चात बानी व्यहोरा परिवर्तनको लागि पूर्ण सरसफाई कार्यक्रम अधि बढाउन रणनीतिक कार्य योजना तयार पारिनेछ ।

८. चर्पीको निरन्तर प्रयोग एवं नियमित सरसफाई भए नभएको घरबाट निस्कने सड्ने नसड्ने फोहोरको उचित व्यवस्थापन गरे नगरेको तत्कालै वडा स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति मार्फत अनुगमन गरिनेछ ।

९. एक-घर, एक-डस्टविन अनिवार्य राखी त्यसमा मात्र फोहोर व्यवस्थापन गर्नुपर्नेछ ।

१०. यस नगरपालिका हुँदै आवत जावत गर्ने भाडाका सवारी साधनका समितिहरूसँग समन्वय गरी आचार संहिता पालना गर्न सचेत गराउने छौं ।

११. दक्षिणकाली नगरबासीहरूको सबैको एउटै चाहना स्वच्छ, सफा, हराभरा नगरपालिका ।

१२. हामी दक्षिणकाली नगरबासी सबैको शौचालयको व्यवस्था गरी प्रयोगमा ल्याई सधैं सफा राख्नेछौं र कोहि कसैले खुल्ला स्थानमा दिसापिसाब गर्न गराउने छैनौं र हाल नगर भएर गुड्ने सवारी साधनलाई वडा नं. १ को खहरेमा वडा नं. ४ को बाँसघारीमा, वडा नं. ३ को हात्तिवन रिसोर्टमुनि र वडा नं. ५ को फर्पिङ चौरमा सार्वजनिक शौचालय निर्माण भई संचालनमा आई सकेको र बाँकी आवश्यक ठाउँहरूमा पनि क्रमागत शौचालयको व्यवस्था गर्नेछौं ।

१३. आफ्नो घर कम्पाउण्डमा कम्तीमा दुई वटा रूख अनिवार्य हरियालीका साथ स्वच्छ वातावरण रहने व्यवस्था गर्न गराउने छौं ।

१४. यस नगर भएर गुड्ने सवारी साधनहरूले यात्रुले जथाभावी दिसापिसाब गर्ने गराउने पाईने छैन । यात्रा अवधिभरको फोहोर निश्चित ठाउँमा विसर्जन गर्नुपर्नेछ ।

१५. उक्त प्रतिवद्धता कसैबाट उल्लङ्घन गरे गराइए नगरपालिका र वडा कार्यालयबाट प्रदान गरिने सेवा सुविधा एवम् विकास बजेट समेत रोकिनेछ । अन्यथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा फोहोर मैला व्यवस्थापन ऐन २०६८ बमोजिम रू. ५००।- देखि रू. १,००,०००।- सम्म जरिवाना एवम् ३ (तीन) महिनासम्म कैद सजाय हुने व्यहोरा जानकारी गराइन्छ ।

**मोहन बस्नेत**

**अध्यक्ष**

नगरपालिका स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति
(M-WASH-CC)

**दक्षिणकाली नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**

फर्पिङ, काठमाडौं, ३ नं. प्रदेश, नेपाल
ईमेलः info@dakshinkalimun.gov.np
वेवसाईटः www.dakshinkalimun.gov.np

# खुल्ला दिसा मुक्त (ODF) क्षेत्र घोषणा कार्यक्रम

मिति २०७४ पौष १४ गते, शुक्रबार

**आयोजकः**

नगरपालिका स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति
Municipality Water Supply, Sanitation and Hygiene Coordination
(M-WASH-CC)



दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

फर्पिङ, काठमाडौं, ३ नं. प्रदेश, नेपाल
ईमेलः info@dakshinkalimun.gov.np
वेवसाईटः www.dakshinkalimun.gov.np